# दशरथचन्द नगरपालिकाको

# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०८०

कार्यपालिकाबाट स्विकृत मिति : २०८०/१२/२६

**दशरथचन्द नगरपालिका, बैतडी**

**सुदुरपश्चिम प्रदेश, नेपाल**

CamScanner

# दशरथचन्द नगरपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०८०

**१. परिचय**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्ने तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर र सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरि नेपालको संविधानको अनुसुची-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७४ लाई आधार मानि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५, दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि दशरथचन्द नगरपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०८० जारी गरिएको छ ।

**२. परिचय- पत्र वितरणका आधारः**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, जेष्ठ नागरिक सम्बन्धी नियमावलि २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकलाई परिचय-पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**३. उद्देश्य :**

(क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थनीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमानुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागि गराउने ।

**४. लक्षित वर्ग**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५.ज्येष्ठ नागरिकहरुको वर्गीकरण**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायबमोजिम गरिएको छ :

क) सत्तरी वर्ष उमेर पूरा नगरेका ज्येष्ठ नागरिक,

ख) सत्तरी वर्ष उमेर पूरा गरेका वरिष्ठ ज्येष्ठ नागरिक,

ग) असहाय ज्येष्ठ नागरिक,

पुजार राज जोशी
नगर प्रमुख

घ) अशक्त ज्येष्ठ नागरिक,
ङ) एकल ज्येष्ठ नागरिक ।

६. परिचय-पत्र वितरणका मापदण्ड

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र जेष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसुची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस कार्यविधिको अनुसुची २ बमोजिमको हुनेछ । परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

८. परिचय-पत्र वितरण प्रक्रिया

क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले दशरथचन्द नगरपलिकाका प्रमुख प्रशासकिय अधिकृत समक्ष अनुसुचि १ बमोमिको निवेदन पेश गर्नुपर्नेछ ।

ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रायोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी दशरथचन्द नगर कार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत सम्भव भएसम्म तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी दशरथचन्द नगरकार्यपालिकाको कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनुपर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्वन्धित वडा कार्यालयको सिफारिश सहित दशरथचन्द नगरकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्ने छ ।

९. विविध

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्वन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानुनको अधिनमा रही प्रमुख प्रशासकिय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

ख) ज्येष्ठ नागरिक परिचय-पत्रको लागि दिने निवेदनको ढाँचा अनुसुचि १ बमोजिम हुनेछ ।

ग) नगरपालिकाबाट प्रदान गरिएको ज्येष्ठ नागरिकहरुको अभिलेख यस कार्यविधिको अनुसूची -३ बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

घ) यो कार्यविधि नगरकार्यपालिकाबाट स्विकृत भएको मितिबाट लागु हुनेछ । यो कार्यविधि लागु हुनुभन्दा अघि नगरपालिकाबाट वितरण गरिएका ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धि कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

ङ) यस कार्यविधिमा भएको व्यवस्थाहरु कुनै प्रचलित संघिय तथा प्रदेश ऐन नियम संग बाझिन गएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

CamScanner

अनुसुची-१

मिति : ..................

ी प्रमुख प्रशासकिय अधिकृत ज्यू,
शरथचन्द नगरपालिका
ागर कार्यपालिकाको कार्यालय, गढी बैतडी ।

विषय : ज्येष्ठ नागरिक परिचय-पत्र पाऊ ।

उपरोक्त सम्वन्धमा मेरो नागरिकताको प्रमाणपत्र/मतदाता परिचय-पत्रको आधारमा मेरो उमेर ६० वर्ष ूरा भएकोले ज्येष्ठ नागरिक परिचय-पत्र पाउन योग्य भएकोले नियमानुसार ज्येष्ठ नागरिक परिचय-पत्र पाउँ ानी यो निवेदन पेश गरेको छु।

ंलग्न कागजातहरु:

) नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी १ थान,
) पासपोर्ट साईजको फोटो २ प्रति,
) सम्बन्धित वडाको सिफारिस ।

निवेदक

नाम थर : ....................................

ठेगाना :........................................

संरक्षकको नाम थर :......................

सम्पर्क नं. : ...................................

पुष्कर राज जोशी
नगर प्रमुख

अनुसूची २

ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा

ज्येष्ठ नागरिक परिचय-पत्र

फोटो

प्र.प.नं. :-
नाम थर : ..................................................
ना.प्र.नं. : ..................................................
ठेगाना : जिल्ला : .................. गा.पा./न.पा.:..........................
वडा नं. ........ टोल/गाउँ :................................उमेर :...................लिङ्ग : ............
उपलब्ध छुट तथा सुविधाहरु :..................................................
पति/पत्निको नाम : ..................................................
हेरचाह केन्द्रमा बसेको भए सोको विवरण :..................................................
संरक्षकको नाम थर :......................................
सम्पर्क ठेगाना, मोबाइल नं. :..................................................
रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको विवरण :..................................

प्रमाणित गर्ने अधिकारीको : -
दस्तखत :
नाम थर :
पद :
जारी मिति :

पुष्कर राज जोशी
नगर प्रमुख

CamScanner

अनुसूची -३

## ज्येष्ठ नागरिकको परिचय-पत्र वितरण

### कार्यालयमा राखिने दर्ता अभिलेख

| परिचय पत्र नं. | प्राप्त मिति | ज्येष्ठ नागरिकको नाम थर | ठेगाना | लिङ्ग | जन्ममिति | नागरिकता नं. | बाबु/आमा/पति/पत्निको नाम | संरक्षकको नाम | सम्पर्क नं. | फोटो | प्रमाणित गर्नेको दस्तखत | बुझिलिनेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

पुष्कर राज जोशी
नगर प्रमुख